# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोइठी, सप्तरी

## औषधी उपकरण तथा सर्जिकल समान खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आहवानको सूचना

### प्रथम पटक प्रकाशित मिति २०८०/०२/१८

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाको लागि चालु आ.व. २०७९/०८० मा आवश्यक पर्ने औषधी, उपकरण तथा सर्जिकल सामानहरु विद्युतीय माध्यमबाट मात्र खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त , उत्पादक कम्पनी तथा वितरकबाट निम्न सर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (२०८०/०२/३२) दिन भित्र रु १,०००/- ( फिर्ता नहुने गरी) यस गा. पा.को राजश्व शाखाको खाता न २३३२०५००२९५०९००२ मा दाखिला गरी दाखिला गरेको भौचर, आयकर दर्ता प्रमाणपत्र तथा मु.अ. कर दर्ता प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण-पत्र, औषधी व्यवस्था विभागबाट औषधी कारोबार गर्न लिएको इजाजतपत्रको २०७८/०७९ को नविकरण भएको प्रमाणित प्रतिलिपिको पिडीएफ उपलोड गरि विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।यस कार्यालय को कोड नं ८०१०२१५१२ रहेको छ ।

२. सूचना प्रकाशित भएको मितिले १६ औ (मिति २०८०/०३/०१) दिनको १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र रितपूर्वक भरी विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका शिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन शिलवन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खोलेको दिनलाई अन्तिम दिन मानिनेछ र शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको २:०० बजे खुल्नेछ ।

३. शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम एन आई सी एशिया बैंक शाखा कार्यालय तिरहुत सप्तरीमा रहेको तिरहुत गाउँपालिकाको कार्यालय धरौटी खाता नं. N३CA०००७३६४५२४०६ मा दाखिला गरेको सक्कले बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद (शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि भएको मान्य प्राप्त बैकको बिडबन्ड (जमानपत्र) शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र दाताले मूल्य अभिवृद्धि कर बाहेकको दर अक र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर स्पष्ट उल्लेख भएको दर रेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइनेछ ।

४. सम्पूर्ण आइटको बोलकबोल गरेको दरले हुन आउने न्यूनतम जम्मा मूल्यको दरभाउपत्र दाताको शिलबन्दी दरभाउपत्र स्वीकृति गरिनेछ र शिलबन्दी दरभाउपत्र स्वीकृति गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. शिलबन्दी दरभाउपत्र दाताले आफुले खरिद गरेकै शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । फोटो कपी गरी पेश गरेको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन साथै शिलबन्दी दरभाउपत्रमा कुनै सर्त राखी पेश गरेमा मान्य हुने छैन ।

६. स्वीकृति शिलबन्दी दरभाउपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार पटक पटक आदेश दिई खरिद गरिनेछ साथै सप्लाइ गरिने औषधीको म्याद स्टोर दाखिला भएको मितिले कम्तिमा २४ महिनाको हुनु पर्नेछ र १२ महिना मात्र म्याद हुने औषधीको हकमा कम्तिमा ९ महिना म्याद बाँकी भएको हुनु पर्नेछ ।

७. रीत नपुगेको शिलबन्दी दरभाउपत्र माथि कुनै कार्यवाही गरिने छैन साथै शिलबन्दी दरभाउपत्र स्वीकृति भएपछि कार्यालयले तोकेको समय अवधि भित्र औषधी बुझाउनु पर्नेछ र कबोल गरेको औषधी बुझाउन नसकेमा खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम कार्वाही हुनेछ । सम्पूर्ण करहरू र कार्यालयको गोदाम घरसम्मको ढुवानी खर्च शिलबन्दी दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

८. सप्लाई हुने औषधीको प्रत्येक स्ट्रीपमा र प्रत्येक प्याकिङ्गको बाहिर समेत उत्पादन मिति Expiry Date ब्याच नं. र नेपाल सरकारबाट निःशुल्क वितरणको लागि | Free Supply For Ministry of the Health Nepal) स्पष्ट रुपमा लेखेको हुनु पर्नेछ ।

९. शिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य केही कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

१० WHO, GMP Certified Company हरुको औषधी मात्र सप्लाय गर्नु पर्नेछ र उपकरण तथा सर्जिकल सामानहरु गुणस्तरयुक्त कम्पनी र नेपाल सरकारबाट बन्देज नलगाइएको हुनु पर्दछ । प्रत्येक औषधी उपकरण तथा सर्जिकल आइटको नमूना Sample) को शिलबन्दी गरी शिलबन्दी दरभाउपत्र दर्ता गर्दा पेश गर्नु पर्नेछ ।

११. प्राप्त भएको औषधी उपकरण तथा सर्जिकल सामानहरुको सक्कल बिल छुट्टाछुट्टै प्राप्त भई स्टोर दाखिला भएपछि बजेट निकासाको आधारमा भुक्तानी दिइनेछ ।

१२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ड) अनुसार शिलबन्दी दरभाउपत्र दाता खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाँझिएको सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भन्ने लिखित रुपमा घोषणा पत्र समेत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१३ आपूर्ति गरिने औषधीहरु चक्की र क्याप्सुल स्ट्रीफ फर्ममा र बोतलको हकमा प्लाष्टिक बोतल मात्र सप्लाय गर्नु पर्नेछ ।

१४. शिलबन्दी दरभाउपत्र फारममा आफुले सप्लाइ गर्ने प्रत्येक औषधी उपकरण तथा सर्जिकल सामग्रीहरुको आइट बाइज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

१५. आ.व. २०७९/०८० को लागि औषधी खरिदमा बजेट रकम थपघट भएको अवस्थामा यसै शिलबन्दी दरभाउपत्रको दर रेट अनुसार खरिद गर्न सकिनेछ। शिलबन्दी दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.ब. को २०८० असार मसान्तसम्म कायम रहनेछ । थप मूल्य बृद्धिलाई स्वीकार गरिने छैन ।

१६. शिलबन्दी दरभाउपत्र दाताले उपलब्ध गराइने औषधी गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसरी फिर्ता गर्दा लाग्ने ढुवानी खर्च शिलबन्दी | दरभाउपत्र दाताले व्यहोर्नु पर्नेछ ।

१७ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

१८. अन्य जानकारीको हकमा तिरहुत गाउँपालिकाको कार्यालय गोइठी सप्तरीमा सम्पर्क राख्नु हुन ।

१९. औषधी उपकरण तथा सर्जिकल सामानहरुको जम्मा लागत विवरणः-

| सि.न. | विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | धरौटी रकम ३% | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | औषधी तथा सर्जिकल सामानहरु | रु. ४७९४८६०।०० | रु. १४३८४५।०० | रु.१,०००/- |

तिरहुत गाउँपालिका कार्यालय
गोइठी, सप्तरी